# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपालको सीमास्थित भन्सार कार्यालयबाट आन्तरिक परिवहन गरी काठमाडौं जिल्लाको चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालय (यसपछि "बन्दरगाह भन्सार" भनिएको) काठमाडौंमा भन्सार जाँचपासका लागि मालवस्तु ल्याउने सम्बन्धमा देहाय बमोजिम गर्ने गरी भन्सार ऐन, २०६४ को दफा ८९च. बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

१. **<u>मालवस्तुको आन्तरिक परिवहनः</u>** (१) सीमास्थित भन्सार कार्यालयमा पैठारीको लागि ल्याइएको मालवस्तुहरु सो कार्यालयबाट भन्सार जाँचपास नगराई बन्दरगाह भन्सारमा लगी जाँचपास गराउन चाहेमा त्यस्तो मालवस्तु बन्दरगाह भन्सारसम्म महानिर्देशकले तोकेबमोजिमको सडक मार्गबाट लैजान आन्तरिक परिवहनको सुविधा दिइनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा लिन चाहने पैठारीकर्ताले त्यस्तो अनुमतिका लागि मालवस्तु प्रवेश गरेको सीमास्थित भन्सार कार्यालयमा नेपाल भन्सार स्वचालन प्रणाली (यसपछि "प्रणाली" भनिएको) को ट्रान्जिट मोड्युल प्रयोग गरी आवश्यक विवरण अनुसूची (ट्रान्जिट मोड्यूल) मा घोषणा गरिए बमोजिमको फाराम प्रणालीबाटै मुद्रण गरी सीमास्थित भन्सार कार्यालयको भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी दफा २ बमोजिमको शर्त पूरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको पाइएमा त्यस्तो मालवस्तु आन्तरिक परिवहन गरी बन्दरगाह भन्सारसम्म लैजानका लागि अनुसूची (ट्रान्जिट मोड्यूल) मा घोषणा गरिए बमोजिमको फाराममा आवश्यक व्यहोरा जनाई प्रणालीबाटै अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको फाराम त्यस्तो मालवस्तु ढुवानी गर्ने साधनको चालकले बन्दरगाह भन्सारमा त्यस्तो मालवस्तु घोषणा नगरेसम्म आफ्नो साथमा राखु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको फाराम बन्दरगाह भन्सारमा मालवस्तु घोषणा गर्दा प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्नेछ।

२. **<u>आन्तरिक परिवहनको अनुमति लिनका लागि पालना गर्नुपर्ने शर्तहरुः</u>** यस सूचना बमोजिम आन्तरिक परिवहनको सुविधा लिन चाहने पैठारीकर्ताले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) प्रचलित बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी हुनेगरी पैठारी भएको हुनु पर्ने,

(ख) चलान भएको स्थानबाट बन्दरगाह भन्सारसम्म नै सिपिङ्ग कम्पनीहरुबाट सञ्चालित स्तरीय सिपिङ्ग कन्टेनर (Standard Shipping Container) बाट कन्टेनर परिवर्तन नगरी ढुवानी भएको हुनु पर्ने,

(ग) प्रवेश गरेको सीमास्थित भन्सार कार्यालयबाट बन्दरगाह भन्सारसम्म भू-मण्डलीय स्थिति निर्धारण प्रणाली (जीपीएस) जडित विद्युतीय ट्र्याकिङ् प्रणाली भएको ताला लगाएको हुनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर गुडाएर लैजाने नयाँ सवारी साधन तथा चेसिसको हकमा जीपीएस ताला आवश्यक पर्ने छैन ।

(घ) चलान भएको स्थानदेखि लगाइएको सिलसिलेवार नम्बर सहितको सिल दुरुस्त भएको हुनु पर्ने,

(ङ) काबु बाहिरको परिस्थिति परेको अवस्थामाबाहेक प्रवेश गरेको भन्सार कार्यालयबाट आन्तरिक परिवहनको अनुमति लिएका मालवस्तु ढुवानीको साधन बढीमा बहत्तर घण्टाभित्र बन्दरगाह भन्सार कार्यालयमा पुर्याउनु पर्ने।

३. **<u>ढुवानी साधन जाँच तथा मालवस्तु जाँचपास गर्ने:</u>** (१) यो सूचना बमोजिम आन्तरिक परिवहन भई आएको मालवस्तु बोकेको ढुवानी साधन बन्दरगाह भन्सारमा प्रवेश गरेपछि भन्सार अधिकृतले दफा २ को खण्ड (ग) र (घ) मा उल्लिखित ताला तथा सिल र ढुवानी साधनको नम्बर दुरुस्त भए नभएको जाँच गरी दुरुस्त भएको पाइएमा प्रणालीमा त्यस्तो मालवस्तु बन्दरगाह भन्सारमा प्रवेश गरेको व्यहोरा जनाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा दुरुस्त भएको पाइएमा सामान्य भन्सार प्रक्रिया अवलम्बन गरी त्यस्तो मालवस्तु जाँचपास गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा दफा २ को खण्ड (ग) र (घ) मा उल्लिखित ताला तथा सिल दुरुस्त नभएको पाइएमा वा दफा १ को उपदफा (१) बमोजिमको सडक मार्गको प्रयोग नगरेको पाइएमा त्यस्ता पैठारीकर्तालाई भन्सार अधिकृतले आवश्यक छानबिन गरी दोषी देखिएमा भन्सार ऐन, २०६४ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ५७ को उपदफा (१८) र (१८क) वा अन्य प्रचलित कानून बमोजिम कारबाही गर्नेछ।

४. **ढुवानी साधन दुर्घटना परेमा वा बिग्रेमा लिखित जानकारी दिनु पर्नेः** (१) सीमास्थित भन्सार कार्यालयबाट बन्दरगाह भन्सारमा आउने क्रममा कुनै ढुवानी साधन दुर्घटनामा परेमा, बिग्रेमा वा अन्य कुनै काबु बाहिरको परिस्थिति परी बन्दरगाह भन्सारसम्म ढुवानी हुन नसक्ने अवस्था सिर्जना भएमा पैठारीकर्ताले बन्दरगाह भन्सारको प्रमुखलाई तुरुन्त लिखित जानकारी दिनु पर्नेछ र दुर्घटना परेको अवस्थामा सो को जानकारी नजिकको नेपाल प्रहरीलाई समेत दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि बन्दरगाह भन्सारको प्रमुखले भन्सार अधिकृतको नेतृत्वमा कम्तीमा दुईजना कर्मचारीलाई स्थलगत छानबिनको लागि खटाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको टोलीले स्थलगत छानबिन गरी त्यस्तो छानबिन सम्पन्न गरेको तीन दिनभित्र बन्दरगाह भन्सारको प्रमुखसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको प्रतिवेदनका आधारमा आवश्यकता र औचित्य विचार गरी बन्दरगाह भन्सारको प्रमुखले भन्सार विभागको महानिर्देशकको पूर्व स्वीकृति लिई देहाय बमोजिमको कुनै आदेश दिन सक्नेछः-

(क) त्यस्तो मालवस्तु लोड भएको कन्टेनरमा नै ढुवानी हुनसक्ने अवस्था भएमा त्यस्तो कन्टेनरलाई ढुवानी गर्ने अर्को साधन (ट्रक ट्रेलर)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा राखी बन्दरगाह भन्सारसम्म ढुवानी गर्न अनुमति दिने,

(ख) मालवस्तु लोड भएको कन्टेनरमा ढुवानी हुन सक्ने अवस्था नभएमा भन्सार अधिकृतबाट मालवस्तुको लगत तयार गर्न लगाई अर्को कुनै कन्टेनर ट्रेलर वा ट्रकमा राखी बन्दरगाह भन्सारसम्म ढुवानी गर्न अनुमति दिने,

(ग) त्यस्तो मालवस्तु भौतिक रुपमा परीक्षण गर्न सक्ने अवस्था नदेखिएमा प्रवेश गरेको भन्सार कार्यालयमा गरेको घोषणाका आधारमा लाग्ने महसुल लिई छोडिदिने, वा

(घ) महानिर्देशकले दिएको आदेश बमोजिम अन्य उपयुक्त कारबाही गर्ने।

५. **<u>जीपीएस ताला सम्बन्धी व्यवस्था:</u>** (१) दफा २ को खण्ड (ग) बमोजिमको जीपीएस ताला उपलब्ध गराउने, कन्टेनरमा लगाएको ताला सङ्कलन गर्ने सम्बन्धी सम्पूर्ण व्यवस्था सम्बन्धित भन्सार कार्यालयको निर्देशन र नियन्त्रणमा रही चोभार सुक्खा बन्दरगाहको सञ्चालकले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको तालाको व्यवस्थापन गरेबापत लाग्ने शुल्क चोभार सुक्खा बन्दरगाहको सञ्चालकले इन्टरमोडेल यातायात विकास समितिको निर्णय बमोजिम सम्बन्धित पैठारीकर्ताबाट लिन सक्नेछ।

६. **<u>जीपीएस तालाको नियन्त्रण:</u>** सीमास्थित भन्सार कार्यालयबाट बन्दरगाह भन्सारसम्म अन्तरिक परिवहन गर्दा दफा २ को खण्ड (ग) बमोजिम प्रयोग भएको जीपीएस तालाको सञ्चालन र यसबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त हुने सूचना, तथ्याङ्क लगायत सम्पूर्ण प्रणालीको नियन्त्रण भन्सार विभागमा रहनेछ।

७. **बाटोमा खोल्न, हेर्न र जाँच गर्न नपाइने**: यो सूचना बमोजिम आन्तरिक परिवहन गरिने मालवस्तु बन्दरगाह भन्सारमा प्रवेश नगरेसम्म दफा ४ को अवस्थामा तोकिएका भन्सार कर्मचारीबाहेक अन्य कुनै व्यक्ति वा निकायले बाटोमा खोल्न, रोक्न, हेर्न वा जाँच गर्न पाउने छैन।

८. **अन्तरिक परिवहनको सुविधा दिन भन्सार कार्यालय तोक्ने:** (१) यो सूचनामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो सूचना बमोजिमको सुविधा दफा २ मा उल्लिखित शर्तहरुको अधीनमा रही वीरगन्ज भन्सार कार्यालय, मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, तातोपानी भन्सार कार्यालय, रसुवा भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट नेपालमा प्रवेश गर्ने मालवस्तुका हकमा मात्र प्रदान गरिने छ।

(२) उपदफा (१) मा उल्लेख भएका बाहेक अन्य भन्सार कार्यालयबाट नेपाल प्रवेश गर्ने मालवस्तुलाई यस्तो सुविधा दिन आवश्यक देखिएमा भन्सार विभागको महानिर्देशकले सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो भन्सार कार्यालय तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सुविधा प्रदान गर्दा महानिर्देशकले दफा २ मा उल्लिखित शर्तहरुको अतिरिक्त यस्तों सुविधा प्रदान गरिने मालवस्तु वा कन्साइनमेन्ट समेत तोक्न सक्नेछ।

९. **आन्तरिक परिवहनको सुविधा दिन इन्कार गर्न सक्ने:** यो सूचनामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक परिवहनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि घोषणा गरिएको मालवस्तुका सम्बन्धमा गलत घोषणा गरेको सूचना प्राप्त भएमा भन्सार विभागको महानिर्देशकले सीमास्थित भन्सार कार्यालयलाई त्यस्तो मालवस्तुलाई आन्तरिक परिवहनको सुविधा नदिन आदेश दिन सक्नेछ।

१०. **अस्थायी पैठारीमा लाग्ने शुल्क:** आन्तरिक परिवहनको अनुमति पाएका ढुवानी साधन बन्दरगाह भन्सार कार्यालयमा पुगेको दिनदेखि बहत्तर घण्टाभित्र वस्तु अनलोड गरी फर्केमा बहत्तर घण्टासम्मको लागि एकहजार पाँचसय अस्थायी पैठारी शुल्क लाग्ने छ। सोभन्दा बढी अवधि बसेमा भन्सार महसुल ऐन,२०८१ को अनुसूची-५ मा भएको व्यवस्था बमोजिम कारवाही हुनेछ।

११. **आवश्यक व्यवस्था मिलाउन सक्ने:** यो सूचना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै बाधा परेमा वा कुनै द्विविधा उत्पन्न भएमा वा यसमा लेखिएको कुनै विषयमा व्याख्या गर्नु परेमा भन्सार विभागको महानिर्देशकले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१२. **खारेजी र बचाउ:** (१) खण्ड ७१) संख्या ५० मिति २०७८/१२/०३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित भन्सार जाँचपास लागि मालवस्तु ल्याउने सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको सूचना बमोजिम भए गरेका काम कारबाही यसै सूचना बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

नेपाल सरकारले भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८१ साल साउन १ गतेदेखि लागू हुने गरी नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **<u>विदेशबाट फर्केका नेपाली यात्रुका लागि महसुल छुट हुनेः</u>**

(१) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कंदा व्यक्तिगत प्रयोगका लागि आफूले प्रयोग गरेको आफ्नो साथमा ल्याएको (एकम्पनिड) देहायमा उल्लिखित सबै वा कुनै वस्तुमा महसुल पूर्ण छुट हुनेछः-

(क) लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तु,

(ख) औषधि उपचार गराई फर्केका बिरामीले ल्याएका औषधि,

(ग) शारीरिक रूपमा अशक्त यात्रुले सहाराको रुपमा प्रयोग गरेका वस्तु,

(घ) सुनको गहना पुरुषको हकमा पच्चिस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म, चाँदीको गहना पाँच सय ग्रामसम्म र एक लाख रुपैयाँ मूल्यसम्मको जवाहिरात जडित सुनका वा चाँदीका साथमा ल्याएको गहना गुरिया,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका सुनका बेरुवा औंठी, बाला, सिक्री जस्ता वस्तु गहनाको रुपमा ल्याउन पाइने छैन।

(ङ) ट्याबलेट वा ल्यापटप वा डेस्कटप कम्प्युटर, घडी, क्यामरा, भिडियो क्यामरा र सेलुलर मोबाइल फोन एक एक थान,

तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिना काम गरी फर्केका नेपाली नागरिकले आफ्नो साथमा थप एक थान नयाँ सेलुलर मोबाइल फोन ल्याएमा सो बापत लाग्ने महसुल समेत पूरै छुट हुनेछ र त्यस्तो थप एक थान नयाँ सेलुलर मोबाइल फोनको हकमा भन्सार प्रक्रिया पूरा गर्नु पर्नेछ।

(च) श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई लगातार कम्तीमा बाह्र महिना काम गरी फर्केका सामाजिक सुरक्षा कोषमा सूचीकृत नेपाली नागरिकले ल्याएको जुनसुकै आकार वा प्रकारको टेलिभिजन एक थान र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो कोषमा सूचीकृत नभएकोमा बत्तिस इञ्चसम्मको टेलिभिजन एक थान,

तर यस खण्ड बमोजिमको सुविधा अभिलेख रहने गरी एक पटकको लागि मात्र दिइनेछ।

(छ) बच्चा राख्ने पेराम्बुलेटर र ट्राइसाइकल एक एक थान,

(ज) पेशागत यात्रुले प्रयोग गरी ल्याएको सामान्य प्रकारका वस्तुहरु एक एक थान (जस्तैः डाक्टरका लागि ब्लड प्रेसर नाप्ने यन्त्र, स्टेथेस्कोप, खेलाडीको लागि फुटबल, भलिबल, ब्याडमिन्टन सेट, गायक तथा सङ्गीतकारको लागि गितार, हार्मोनियम, तबला जस्ता वस्तु),

(झ) सात किलोग्रामसम्म खाद्य परिकार,

(ञ) मदिरा एक लिटरसम्मको बोतल एक।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (क) मा उल्लिखित वस्तु आफू आउनु भन्दा अघि वा पछि पठाउन सकिनेछ। त्यस्ता वस्तुमा उपदफा (१) बमोजिम महसुल पूर्ण छुट पाउनेछ।

(३) यात्रुले उपदफा (१) को खण्ड (घ), (ङ) र (ञ) मा उल्लिखित वस्तु बाहेक सो उपदफामा उल्लिखित अन्य वस्तु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढी सङ्ख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी छाडिदिन सक्नेछ।

(४) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कंदा व्यक्तिगत प्रयोजनका देहाय बमोजिमका सबै वा कुनै वस्तु भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल तिरी ल्याउन पाउने छन्ः-

(क) टेलिभिजन, म्यूजिक सिष्टम, रेफ्रिजरेटर, वासिङ्ग मेशिन, पङ्खा, रेडियो, सेलुलर मोबाइल फोन एक एक थान,

(ख) लुगाफाटा, जुत्ता, कष्मेटिक्स आदि बढीमा पन्ध्र थान,

(ग) घरायसी प्रयोगका सामान्य किसिमका उपकरण (मिक्सर, जुसर, सिलाई मेशिन, ग्याँसटेबुल, इस्त्री, राइस कुकर जस्ता) दुई दुई थान,

(घ) दश किलोग्रामसम्म खाद्य परिकार,

(ङ) व्यावसायिक पेशामा लागेका (डाक्टर, इञ्जिनियर जस्ता) यात्रुको दक्षता वृद्धिको लागि आवश्यक पर्ने वस्तु दुई दुई थान,

(च) खण्ड (क) देखि (ङ) सम्मका वस्तु बाहेक नितान्त घर व्यवहारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक पर्ने वस्तु बढीमा दुई दुई थान।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै यात्रुले सो उपदफामा लेखिएभन्दा बढी सङ्ख्या वा परिमाणमा वस्तु ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयको प्रमुखले औचित्य हेरी लाग्ने महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (४) बमोजिमका वस्तु आफू आउनु भन्दा अघि वा पछि चलान गरेको भएमा आफू नेपाल प्रवेश गरेको मितिले तीन महिनाभित्र भन्सार गोदाममा दाखिल भइसकेको हुनु पर्नेछ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा छ महिनाभन्दा बढी अवधि बिताई फर्केका यात्रुले आफू पुगेको ठाउँबाट उपदफा (४) बमोजिमका वस्तु आफूसाथ ल्याएमा वा आफू आउनुभन्दा अघि वा पछि पठाएमा देहाय बमोजिमको मूल्यसम्ममा लाग्ने महसुल पूर्ण रुपमा छुट दिई त्यस्तो वस्तुको प्रज्ञापनपत्र नभराई छुट्टै अभिलेख राखी जाँचपास गर्न सकिनेछ र छुट सीमाभन्दा बढी मूल्यको वस्तु भएमा बढी मूल्यमा प्रचलित ऐन बमोजिम महसुल लाग्नेछः-

(क) छ महिनाभन्दा बढी एक वर्षसम्म विदेशमा बसी फर्केमा पन्ध्र हजार रुपैयाँसम्म,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) एक वर्षभन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा पच्चिस हजार रुपैयाँसम्म।

(८) सोह्र वर्षभन्दा कम उमेरका यात्रुले उपदफा (७) बमोजिमको छुट सीमाको पचास प्रतिशत मात्र सुविधा पाउनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरामा देहाय बमोजिम हुनेछः-

(क) विदेशमा बसेका नेपाली यात्रुले आफूले प्रयोग गरेका लुगाफाटा हुलाक पुलिन्दाबाट पठाउँदा त्यस्तो लुगाफाटामा महसुल छुट हुने,

(ख) विदेशमा बसेका व्यक्तिले नेपालस्थित आफन्त वा परिवारका सदस्यलाई उपदफा (४) बमोजिमका वस्तुमध्ये अमेरिकी डलर तीन सय पचाससम्मको वस्तु पठाएमा प्रमाण हेरी लाग्ने महसुल लिई जाँचपास गर्न सकिने,

(ग) चुरोट दुई सय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म प्रचलित आर्थिक ऐन बमोजिम ल्याउन दिइने,

तर सो परिमाणभन्दा बढी चुरोट वा सिगार ल्याएमा त्यस्तो बढी परिमाणमा लाग्ने महसुलमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शतप्रतिशत थप महसुल समेत असुल गरी जाँचपास गर्न सकिनेछ।

(घ) भारतीय सेना वा प्रहरीबाट सेवानिवृत्त भई निवृत्तभरण पाउने गरी स्वदेश फर्कंदा निवृत्त भएको कागजात पेश गरेमा एक पटकको लागि पचास हजार रुपैयाँसम्मको निजी प्रयोगका घरायसी वस्तुहरु (सवारी साधन, हातहतियार, खरखजाना एवं अन्य प्रतिबन्धित वस्तुहरु बाहेक) ल्याएमा सम्पूर्ण महसुल छुट हुने,

(ङ) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका पुराना सबै किसिमका वस्तुहरु (सवारी साधन बाहेक) स्वदेशमा फिर्ता ल्याउँदा सम्पूर्ण महसुल छुट हुने,

(च) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यक्तिगत प्रयोजनको लागि ल्याउन पाउने भनी तोकेको तर यस आदेशमा उल्लेख नभएका वस्तुहरु विदेशबाट फर्केका यात्रुले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ल्याएमा लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गरिने,

तर त्यस्तो वस्तुको हकमा उपदफा (७) बमोजिम मूल्य छुट सुविधा दिइने छैन।

(छ) विदेशबाट फर्केका यात्रुले ल्याएको वस्तु अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन नपाइने,

(ज) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको एक सय ग्रामसम्मको सुनमा देहाय बमोजिम महसुल लिई जाँचपास गर्न सकिने र सोभन्दा बढी परिमाणमा सुन ल्याएमा बढी ल्याएको परिमाण जफत गरिनेः-

(१) पहिलो पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुल,

(२) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत।

(झ) विदेशबाट फर्केका यात्रुले उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको परिमाणभन्दा बढी परिमाणमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गहना ल्याएमा पचास ग्रामसम्म सुनका गहनामा प्रचलित दर अनुसार लाग्ने महसुल र सो परिमाण भन्दा बढी थप पचास ग्रामसम्म गहनामा प्रचलित दर अनुसार लाग्ने महसुलका अतिरिक्त थप तीन प्रतिशत महसुल लिई जाँचपास गर्न सकिने।

२. **विदेश जाने नेपाली यात्रुका लागि भन्सार महसुल छुट हुने:** (१) यात्रुले विदेश जाँदा आफ्नो प्रयोगका लागि दफा १ को उपदफा (१) बमोजिमका सबै वा कुनै वस्तु लैजाँदा त्यस्तो वस्तुमा महसुल पूर्ण छुट हुनेछ।

(२) नेपाली नागरिक विदेश जाँदा सौगातको रुपमा प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेक नेपालमा उत्पादन भएका पचास हजार रुपैयाँ मूल्यसम्मका वस्तुमा कुनै महसुल लाग्ने छैन।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागू हुने छैन।

(३) सम्बन्धित वायुसेवाले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका वस्तु बाहेकका वस्तुहरु लैजान चाहेमा आवश्यक कागजातहरु पेश गरी कानून बमोजिमको शुल्क र महसुल तिरी लैजान पाउनेछ। यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वस्तु लैजाँदा अग्रिम भुक्तानीको प्रमाण वा प्रतीतपत्र आवश्यक पर्ने छैन।

३. **गैरआवासीय नेपाली यात्रुले पाउने सुविधाः** गैरआवासीय नेपाली यात्रुले आफू गैरआवासीय नेपाली भएको प्रमाण पेश गरेमा दफा १ को उपदफा (१), (३) र (४) तथा दफा २ बमोजिमको सुविधा पाउनेछ।

४. **चालक दलका सदस्य (क्रु मेम्बर) ले वस्तु ल्याउन नपाउनेः** उडानमा गएका वायु सेवाका चालक दलका सदस्य (क्रु मेम्बर) ले आफ्नो प्रयोगमा ल्याएका निजी वस्तु बाहेक अन्य कुनै वस्तु ल्याउन पाउने छैन।

५. **सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिले सुविधा नपाउनेः** (१) सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिलाई यस सूचनामा उल्लेख भएका कुनै पनि सुविधा दिइने छैन।

तर एक सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका वस्तु साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भारतमा अध्ययन गर्ने नेपाली विद्यार्थीले आफ्नो साथमा लगेको वा ल्याएको ट्याबलेट वा ल्यापटप वा कम्प्युटरमध्ये कुनै एक थानमा महसुल लाग्ने छैन।

६. **अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुले पाउने छुटः** (१) अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने, जाने विदेशी यात्रुले आफ्नो साथमा ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) देहायमा उल्लिखित निजी प्रयोगका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चलनचल्तीमा ल्याएका पुराना सबै वा कुनै वस्तुमा महसुल छुट हुनेछः-

(क) बाइनाकुलर (दूरविन) एक वटा,

(ख) ट्याबलेट वा ल्यापटप, भिडियो क्यामरा र क्यामरा एक एक वटा,

(ग) पोर्टेवल म्युजिक सिष्टम एक सेट,

(घ) लुगाफाटा, बरबिछ्यौना, कसन तसन, घर गृहस्थीका पुराना वस्तुहरु,

(ङ) पेराम्बुलेटर र ट्राइसाइकल एक एक वटा,

(च) साइकल एक वटा,

(छ) घडी एक वटा,

(ज) सेलुलर मोबाइल फोन एक वटा,

(झ) सुनको गहना पुरुषको हकमा पच्चिस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म, चाँदीको गहना सय ग्रामसम्म,

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका सुनका बेरुवा औँठी, बाला, सिक्री जस्ता वस्तु गहनाको रुपमा ल्याउन पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) पेशाकर्मीले आफूले चलन चल्तीमा ल्याएका देहाय बमोजिमका उपकरणः-

(१) पेशाकर्मीले आफूले गरिआएको काम गर्नको निमित्त ल्याएको ज्यावल बढीमा एक सेट,

(२) डाक्टर वा वैद्यले आफ्नो पेशा अनुसारको काम गर्नको निमित्त ल्याएको सामान्य किसिमको यन्त्र, औजार र औषधि तथा सम्बन्धित विशेषज्ञले प्रयोग गर्ने आवश्यकीय वस्तु,

(३) गायक वा सङ्गीतकारले ल्याएको गाना बजानाको यन्त्र एवं गाना बजाना सम्बन्धी आवश्यक वस्तु,

(४) खेलाडीले आफूले खेल्ने खेलको वस्तु,

(५) माछा मार्ने रड।

(२) कुनै विदेशी यात्रुले उपदफा (१) को खण्ड (झ) मा तोकिएको परिमाणभन्दा बढी सुन तथा चाँदीका गहनाहरु ल्याई भन्सार कार्यालयमा ट्राञ्जिटमा डिपोजिट राख्न घोषणा गरेमा भन्सार कार्यालयले त्यस्ता गहना सुरक्षित साथ राखी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोको निस्सा सम्बन्धित यात्रुलाई दिनु पर्नेछ। त्यस्तो यात्रु नेपालबाट फिर्ता जाँदा निजले डिपोजिट राखेको गहना भन्सार कार्यालयले फिर्ता दिनु पर्नेछ।

(३) कुनै विदेशी यात्रुले उपदफा (१) को खण्ड (झ) मा तोकिएको परिमाणभन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहनाहरु पछि फिर्ता लैजाने गरी भन्सार बिन्दुमा घोषणा गरेमा त्यस्तो गहना परीक्षण गरी त्यस्तो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ। यसरी ल्याएको गहना भन्सार बिन्दुमा परीक्षण गरी फिर्ता जाँदा लैजान दिई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता दिइनेछ। त्यसरी परीक्षण गर्दा घोषणा गरे भन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार ऐन, २०६४ बमोजिम कारबाही हुनेछ।

तर भारतबाट विवाह लगायतका सामाजिक कार्यमा आउने यात्रुले आफ्नो स्वःप्रयोजनका लागि ल्याउने गहना आफु फर्कंदा फिर्ता लैजाने शर्तमा भन्सार कार्यालयमा घोषणा गरी ल्याउन सक्नेछ।

(४) उपदफा (१) मा उल्लिखित वस्तुका अतिरिक्त प्रचलित कानून बमोजिम निकासी वा पैठारी गर्न निषेध वा नियन्त्रण गरिएका र व्यापारिक प्रयोजनका वस्तु बाहेक विदेशी यात्रुले निकासी वा पैठारी गर्ने अन्य वस्तुहरु भन्सार प्रमुखले औचित्य हेरी बिना महसुल वा कानून बमोजिम लाग्ने महसुल लिई ल्याउन र लैजान दिन सक्नेछ।

(५) राहदानी लिई आउने जाने विदेशी यात्रुले ल्याउने देहायको वस्तुमा भन्सार महसुल लाग्ने छैनः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मदिरा एक लिटरसम्मको बोतल एक वा बियर बाह्र क्यानसम्म,

(ख) चुरोट दुई सय खिल्ली, सिगार पचास खिल्ली, टोबाको दुई सय पचास ग्रामसम्म,

(ग) दश हजार रुपैयाँ मूल्यसम्मका औषधि (प्रचलित कानून बमोजिम पैठारी गर्न निषेध गरिएका बाहेक),

(घ) पाँच हजार रुपैयाँ मूल्यसम्मका खानेकुरा (टिन प्याक समेत),

(ङ) दुई हजार रुपैयाँ मूल्यसम्मका ताजा फलफूल।

(६) विदेशी यात्रुले नेपालबाट लैजान सक्ने सौगातको हकमा निजले नेपालमा विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने बैङ्क वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसँग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेक वस्तु बिना इजाजतपत्र लैजान वा पठाउन सक्नेछ।

(७) विदेशी यात्रुले उपदफा (६) मा उल्लिखित वस्तुका अतिरिक्त नेपालमा उत्पादन भएका वा नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएकाबाहेकका पाँच लाख रुपैयाँसम्मका वस्तु आफूसाथ लैजान वा पठाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागू हुने छैन।

७. **विदेशी मुद्रा घोषणा गर्नु पर्ने**: यात्रुले आफूसँग अमेरिकी डलर पाँच हजार भन्दा बढी नगद ल्याउने र लैजाने भएमा भन्सार विभागले तोके बमोजिम सम्बन्धित भन्सार कार्यालयमा घोषणा गर्नु पर्नेछ।

८. **वस्तु जफत हुने**: कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै वस्तु लुकाई छिपाई ल्याउने वा लैजाने प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै वस्तु ल्याउन र लैजान खोजेमा त्यस्तो वस्तु जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

९. **महानिर्देशकले निर्णय गर्ने**: यो सूचना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा परेमा भन्सार विभागको महानिर्देशकले निर्णय गर्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ।

१०. **खारेजी र बचाउ**: (१) खण्ड ७३, अतिरिक्ताङ्क ५ मिति २०८०।०२।१५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी आदेश सम्बन्धी सूचना खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ अनुसारको व्यवस्था, नेपाल चीन सरकारबीच भएको सम्झौता (Memorandum of Understanding (MOU) Between Ministry of Home Affairs and Ministry of Emergency Management of The Republic of China regarding Cooperation in disaster risk reduction and emergency Response) बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको लागि जनवादी गणतन्त्र चीनबाट विपद् खोज तथा उद्दारको लागि सहयोग स्वरुप प्राप्त हुने चीनियाँ मुद्रा ९८,००,०००.०० (अन्ठानब्बे लाख) मूल्य बराबरको राहत सामग्री पैठारी गर्दा लाग्ने कर महसुल छुट दिने निर्णय मिति २०८१।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सञ्चालित Technical Cooperation परियोजना NEP9006: Strengthening Regulatory Infrastructure अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई International Atomic Energy Agency (IAEA) बाट अनुदानस्वरुप प्राप्त हुने युरो १३,४२२.०० (तेह्र हजार चार सय बाइस) मूल्य बराबरको उपकरण तथा सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०८१।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सञ्चालित Technicial Cooperation परियोजना RAS9085: Enhancing the Radioactive Waste Management Infrastructure in the Asia Pacific Region अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई International Atomic Energy Agency (IAEA) बाट अनुदानस्वरुप प्राप्त हुने युरो १६,०१५.०० (सोह्र हजार पन्ध्र) मूल्य बराबरको उपकरण तथा सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०८१।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा सञ्चालित Technicial Cooperation परियोजना NEP6003, NEP6008, NEP6006 र RAS9092 अन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललाई International Atomic Energy Agency (IAEA) बाट अनुदानस्वरुप प्राप्त हुने युरो ८,९६,४८१.०० (आठ लाख छयानब्बे हजार चार सय एकासी) मूल्य बराबरको उपकरण तथा सामग्री पैठारी गर्दा लाग्ने कर तथा महसुल छुट दिने निर्णय मिति २०८१।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयमा सञ्चालित Technicla‌l Cooperation परियोजना INT5156: Building Capacity and Generating Evidence for Climate Change Impacts on Soil, Sediments and Water Resources in Mountainous Regions अन्तर्गत वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयलाई International Atomic Energy Agency (IAEA) बाट अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर १८,११२.०० (अठार हजार एक सय बाह्र) मूल्य बराबरको उपकरण तथा सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०८१।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिमार्फत परिचालन हुने पतञ्जलि योगपीठ (न्यास) हरिद्वार, भारतबाट अनुदानस्वरुप प्राप्त हुने भारतीय मुद्रा ६१,२४९.०० (एकसट्ठी हजार दुई सय उनन्चास) मूल्य बराबरको राहत सामग्री पैठारी गर्दा लाग्ने शुल्क तथा महसुल छुट दिने निर्णय मिति २०८१।०७।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**दिनेश कुमार घिमिरे**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।